# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०१।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल चिया विकास निगम लिमिटेड, बिर्तामोड, झापामा कार्यरत कर्मचारीले नेपाल विद्युत प्राधिकरणलाई विद्युत महशुल भुक्तानी गर्दा वास्तविक मूल्यभन्दा बढी रकमको बिल विद्युत प्राधिकरणबाट ल्याई रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **नेपाल चिया विकास निगम लिमिटेड बिर्तामोड, झापाका तत्कालीन सिनियर एकाउन्टेन्ट संजय बिलोटिया,** तत्कालीन लेखापाल **मनिष कुमार कर्ण,** तत्कालीन अफिस कर्ल्क **राजु भन्ने गुणराज श्रेष्ठ र** नेपाल बिद्युत प्राधिकरण, भद्रपुर बितरण केन्द्रका तत्कालीन लेखापाल **बेदबहादुर राना**को आपसी मिलोमतोमा नेपाल चिया विकास निगम लिमिटेड बिर्तामोड, झापाबाट आ.व. २०६९/०७० देखि २०७२/०७३ सम्मको विद्युत महशुल तिर्दा विद्युत प्राधिकरणबाट जारी बास्तविक बिल रकम जम्मा रु.१,९३,६५,६५१।७० भुक्तानी गर्नुपर्नेमा वास्तविक भए गरेको भन्दा बढीको नक्कली बिल भरपाई पेश गरी/गराई जम्मा रु.२,३३,५५,३२९।४३ रकम भुक्तानी लिई लिन लगाई नेपाल चिया बिकास निगम लिमिटेडबाट जम्मा **रु.३९,८९,६७७।७१** (उनान्चालीस लाख उनान्नब्बे हजार छ सय सतहत्तर रुपैयाँ पैसा एकहत्तर) बढी भुक्तानी लिई लिन लगाई निजहरु संजय कुमार बिलोटिया, मनिष कुमार कर्ण, गुणराज श्रेष्ठ र बेद बहादुर राना मगरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निजहरुलाई बिगो **रु.३९,८९,६७७।७१** (उनान्चालीस लाख उनान्नब्बे हजार छ सय सतहत्तर रुपैयाँ पैसा एकहत्तर) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी जम्मा बिगो **रु.३९,८९,६७७।७१** मध्ये रु.७,३७,३०८।९२ (सात लाख सैतीस हजार तीन सय आठ रुपैयाँ पैसा बयानब्बे) असुल भईसकेको देखिएको हुँदा उक्त रकम घटाई बाँकी रु.३२,५२,३६८।७९ निजहरुबाट असुल उपर हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे